# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/०१ गते

## प्रेस विज्ञप्ति

त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकायहरुमा देखिएका विसंगति तथा सम्बद्ध निकायसँग सम्वन्धित गुनासाहरुका सन्दर्भमा आयोगमा आज छलफल एवं अन्तरक्रिया आयोजना गरियो । आयोगका माननीय कार्यबाहक प्रमुख आयूक्तज्यू, अन्य आयुक्तज्यूहरु र आयोगका सचिवज्यू एवं त्रि.वि.कार्यकारी परिषद्का पदाधिकारी तथा सम्वद्ध निकायका अन्य पदाधिकारी समेतको उपस्थिति रहेको उक्त कार्यक्रममा विश्वविद्यालयका पदाधिकारीहरुले विश्वविद्यालयसँग सम्वन्धित गुनासा र विसंगति नियन्त्रण र न्यूनीकरण गर्दै व्यवस्थापकीय चुस्तता एवं शैक्षिक गुणस्तर सुधार गर्नेतर्फ प्रयासरत रहने प्रतिवद्धता व्यक्त गर्नुभयो । उक्त अवसरमा आयोगका माननीय कार्यबाहक प्रमुख आयुक्तज्यूबाट शैक्षिक उन्नयनमा त्रिभुवन विश्वविद्यालयले निर्वाह गरेको भुमिकाको प्रशंसा गर्दै त्रिभुवन विश्वविद्यालय र मातहत निकायहरुमा आर्थिक अनुशासन र पारदर्शिता कायम राख्दै विवादरहीत ढंगबाट जिम्मेवारी निर्वाह गर्न एवं शैक्षिक गुणस्तर सुधारका लागी थप प्रयत्नशिल रहन निर्देशन दिनु भयो । साथै त्रिभुवन विश्वविद्यालयमा हुनसक्ने विकृति र विसंगतिउपर आयोगबाट निरन्तर निगरानी हुने कुरामा समेत माननीय कार्यबाहक प्रमुख आयूक्तज्यूले जोड दिनु भयो । उक्त अवसरमा आयोगका माननीय आयुक्तज्यूहरुबाट समेत त्रिभुवन विश्वविद्यालयको व्यवस्थापकीय सुधार र शैक्षिक उन्नयनका लागि निर्देशन तथा सुझाव दिनु भएको थियो ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता